नेपाल सरकार

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

# शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र

बाँसवारी, काठमाडौं ।

## सम्पत्ति तथा जिन्सी मालसामानको लिलाम बिक्रीको लागि बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति २०८२।०३।३१

यस केन्द्रमा मौज्दातमा रहेको लिलाम बिक्री गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामान जे जस्तो अवस्थामा छ सोही अवस्थामा बोलपत्रको माध्यमद्धारा लिलाम बिक्री गर्नुपर्ने भएकाले इच्छुक व्यक्ति फर्म संस्था वा कम्पनीले देहायका शर्तहरुको अधिनमा रही बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

१. इच्छुक बोलपत्रदाताहरुको यस कार्यालयको जिन्सी शाखाबाट आवश्यक जानकारी हासिल गर्ने वा बोलपत्र सम्बन्धी कागजात हेर्न तथा खरिद गर्न सक्नेछन् ।

२. इच्छुक बोलपत्रदाताले २०८२।०४।१९ गतेसम्म कार्यालय समयभित्र फिर्ता नहुने गरि रु २०००।- हिमालयन बैंक महाराजगंज शाखामा यस केन्द्रको नाममा रहेको चल्ती खाता नं. ००२०००५४१५६००३२ मा बुझाइ सङ्लग्न राजश्व दाखिला भौचरसहित बोलपत्रदाताको फर्मदर्ता प्रमाणपत्र वा इच्छुक व्यक्ति भएमा नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु सङ्लग्न राखी बोलपत्र फाराम खरिदको लागि निवेदन पेश गर्नुपर्नेछ ।

३. बोलपत्र प्रथम पटक प्रकाशित भएको मितिले २१ औं दिनको १२ बजे भित्र यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ।

४. कार्यालयमा दर्ता भएका बोलपत्रहरु २२ औ दिनको १२ बजे उपस्थित भएका बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा कारणले मात्र बोलपत्र खोल्न बाधा पर्ने छैन।

५. लिलाम बिक्री हुने सम्पत्ती तथा जिन्सी मालसामान हेर्न चाहने बोलपत्रदाताले कार्यालय समयभित्र जिन्सी शाखामा सम्पर्क राख्नु पर्नेछ।

६. बोलपत्रदाताले बोलपत्र साथ जमानत वापत आफुले कवोल गरेको दररेट अनुसारले हुन आउने कुल रकमको दश प्रतिशत रकम नबिल बैंक लिमिटेड ,महाराजगंजमा रहेको धरौटी खाता न ०२०६०१७५०००२७ मा जम्मा गरी सोको सक्कल बैङ्क भौचर वा यस कार्यालयको नाममा

जारी भएको कम्तीमा नब्बे दिन म्याद भएको कुनै पनि वाणिज्य बैङ्कको  जमानत (विड वण्ड) पेश गर्नु पर्नेछ।

७. बोलपत्रदाताले बोलपत्र भर्दा एकमुष्ट  भर्नु पर्नेछ ।

८. बोलपत्र फारामभित्र रहेको बोलपत्र खरिद गर्ने दाखिला गर्ने र खोल्ने अन्तिम दिन बिदा परेको खण्डमा त्यसको लगत्तै कार्यालय खुलेको दिन बोलपत्र खरिद गर्ने,दाखिला गर्ने र खोल्ने दिन मानिनेछ ।

**<u>बोलपत्र सम्बन्धी शर्तहरु</u>**

१. बोलपत्र सम्बन्धी कागजात लिलाम विक्री सम्झौताको लागि यो बोलपत्र फाराममा समावेश भएका सम्पूर्ण विषय लागू हुनेछ । बोलपत्रदाताले कार्यालयबाट खरिद गरेको बोलपत्र फाराममा दस्तखत र फर्म वा संस्था भए छाप समेत लगाई पेश गर्नुपर्नेछ ।

२. बोलपत्रको भाषा लिलाम विक्रीको लागि कार्यालय तथा बोलपत्रदाताले प्रयोग गर्ने कागजात पत्राचार नेपाली भाषामा हुनेछ ।

३. कुनै बोलपत्रदाता फर्म वा संस्थाले संयुक्त उपक्रममा बोलपत्र पेश गर्न चाहेमा संयुक्त उपक्रम सम्झौता गरी पेश गर्न सक्नेछ । यसरी सम्झौता गरेपश्चात बोलपत्र फाराममा दस्तखत नमुना बोलपत्र फाराममा समावेश गर्नुपर्नेछ ।

४. लिलाम विक्री सम्बन्धी कारबाही आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ तथा नियमावली २०७७ मा भएको व्यवस्था बमोजिम हुनेछ ।

५. बोलपत्रसाथ आफूले कवोल गरेको रकमको १०%(दश प्रतिशत) ले हुने रकम बैंकमा नबिल बैंक लिमिटेड ,महाराजगंजको नाममा रहेको धरौटी खाता नं. ०२०६०१७५०००२७  मा जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ ।

६. बोलपत्रदाताले स्पष्टरुपमा प्रोपोराइटर, कारोबार गर्ने मुख्य व्यक्ति, कारोवार गर्ने मुख्य स्थल वा पसल, फोन नम्बर आदी सवै कुराको जानकारी उपलब्ध गराउनु पर्नेछ ।

७. बोलपत्रदाताले बोलपत्र फाराम भर्दा राम्ररी अध्ययन गरी सच्याएको ठाँउमा र प्रत्येक पानामा आफूले हस्ताक्षर गरी आफ्नो फर्मको छाप समेत लगाउनु पर्नेछ ।

८. कार्यालयले लिलाम विक्रीको लागि छनौट भएको व्यक्ति वा फर्मको सूचना प्रकाशन गरेपछि सो प्रक्रियामा चित्त नबुझेमा बोलपत्रदाताले सात दिनभित्र कार्यालय प्रमुखसमक्ष निवेदन पेश गर्न पर्नेछ।

९. लिलाम विक्रीको लागि पेश भएको बोलपत्र स्वीकार गर्ने वा नगर्ने अधिकार कार्यालयमा सुरक्षित रहेका छ।

१०. लिलाम विक्रीको सम्झौता सम्बन्धि विवाद देखिएमा कार्यालय र बोलपत्रदाताबीच वार्ताद्धारासमाधान गरिनेछ।

११. बोलपत्र फाराममा विभिन्न प्याकेजमा सम्पत्ति तथा मालसामान लिलाम विक्री गर्ने गरी समुहकृत गरिएकोमा प्याकेज भित्र रहेका सम्पत्ति तथा जन्सिी मालसामानको मुल्य कवोल गर्नु पर्नेछ । प्रत्येक प्याकेजको कुल रकममा बढी रकम कवोल गर्ने बोलपत्रदाता छनौट गरिनेछ ।

१२. लिलाम गरिने मालसामानको न्यूनतम मूल्य रु. ८,१९,०८,६३२।३४ अक्षरेपी (आठ करोड उन्नाइस लाख आठ हजार छ सय बत्तीस रुपैयाँ र पैसा चौंतीस मात्र) भ्याट बाहेक कायम गरिएको छ । बोलपत्रदाताले यसै रकमलाई न्यूनतम रकम मानी बोलकबोल गर्नुपर्नेछ ।

१३. बोलपत्र फाराममा उल्लेख भए अनुरुपका लिलाम विक्री गरिने सम्पत्ति तथा जिन्सी मालसामान बोलपत्र पेश गर्नु अगावै हेरी बोलपत्र फाराम पेश गर्नु पर्नेछ ।

१४. पेश भएको बोलपत्रको मान्य अवधि साठी दिनको हुनेछ । पेश हुन आएका बोलपत्र मूल्याङ्कन उक्त अवधि भित्र गरी सम्झौताको लागि छनौट गरिनेछ ।

१५. बोलपत्र फाराममा सम्पत्ति तथा जिन्सी मालसामानको कवोल रकम स्पष्ट अङ्क र अक्षरमा लेख्नु पर्नेछ। अङ्क र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ ।

१६. लिलाम विक्रीको सम्झौता बमोजिमको रकम एकमुष्ट कार्यालयमा नगद वा कार्यालयले तोकेको बैङ्कमा जम्मा गरी सो को भौचर पेश गर्नु पर्नेछ ।

१७. बोलपत्रदाताले सम्झौतामा उल्लेखित अवधिभित्र सम्पूर्ण सम्पत्ति तथा जिन्सी मालसामान उठाई लैजानु पर्नेछ ।

१८. लिलाम विक्रीबाट सकार गरेको सम्पत्ति तथा जिन्सी मालसामान जे जस्तो अवस्थामा छ सोही अवस्थामा उठाई लैजानुपर्नेछ ।

१९. लिलाम गरिएको सम्पत्ति तथा मालसामान ढुवानी गरि एक ठाँउबाट अर्को ठाँउमा लैजादा लाग्ने सम्पूर्ण खर्च (कर समेत) बोलपत्रदाता आफैंले व्यहोर्नु पर्नेछ ।

२०. सम्झौता अवधिभित्र सम्पत्ति तथा मालसामान वोलपत्रदाताले उठाई लान काबु बाहिरको परिस्थिति परेमा सम्झौता अवधि सकिनु अगावै म्याद थपको लागि कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ ।

२१. सम्झौता अवधि भित्र सम्पत्ति तथा मालसामान उठाई नलगेमा वा सम्झौताको शर्त बोलपत्रदाताले उल्लघंन गरेका कार्यालयले बोलपत्रदाताको धरौटी रकम जफत गरी सम्झौता अन्त्य गरिनेछ।

२२. बोलपत्रदाताले सशर्त बोलपत्र पेश गर्न सक्ने छैन ।

२३. बोलपत्र सम्बन्धी शर्तहरु सम्झौताको अङ्ग हुनेछ ।